## हामीसँग जोडिनुहोस्

### प्रधान कार्यालय


: ०१ ४५३६१२६ : ९८०१२३४४४४
: info@snlic.com : sunlife.com.np
: सिम्खडा प्लाजा, पुतलीसडक, काठमाडौं




SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

# सन नेपाल
## लाइफ इन्स्योरेन्स कं. लि.



# सन लाइफ भाग्योदय
## जीवन बीमा

**एकमुष्ठ लगानी, सहज जिन्दगानी**
**बीमा अवधिभर नै ढुक्क जिन्दगानी**


:01-4536126 : 9801234444
: sunlife.com.np : info@snlic.com

# सनलाइफ भाग्योदय जीवन बीमा (एकमुष्ठ बीमशुल्क भुक्तानी योजना) (Single Premium Payment Plan)

## प्रमुख विशेषता

सन लाइफ भाग्योदय जीवन बीमा योजना मुनाफामा सरिक हुने सावधिक जीवन बीमा योजना हो। यो सबै उमेर समूहका मानिस प्रति लक्षित एकमुष्ठ बीमाशुल्क भुक्तानी तरिका भएको बीमा योजना हो। यो बिशेष गरी लामो अवधी सम्म नियमित रुपमा बीमाशुल्क भुक्तानी गर्न अनुकुल नहुने र एकैपटक सम्पूर्ण बीमाशुल्क भुक्तानी गरी आफ्नो जीवनमा आउन सक्ने जोखिमलाई न्यूनिकरण गर्न चाहने वर्गलाई लक्षित गरी ल्याईएको बीमा योजना हो।

## योजना छनौट गर्दा चाहिने योग्यताहरु:

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| प्रवेश उमेर | १६ वर्ष | ६५ वर्ष |
| बीमा अवधि | ५ वर्ष | ५० वर्ष |
| बीमा समाप्तिमा अधिकतम उमेर | ७० वर्ष | |
| बीमाङ्क रकम | रु २५,०००/- | रु ३००,०००/- |
| बीमा शुल्क भुक्तानि तरिका | एकल | |
| समर्पण तथा ऋण सुविधा | उपलब्ध हुने | |

## योजनाका प्रमुख सेवा सुविधाहरु

### मृत्यु बापत भुक्तानी (Death Benefit)

बीमा अवधिभित्र बीमितको जुनसुकै समयमा मृत्यु भएमा पूर्ण बीमाङ्क र नियमानुसार आर्जित बोनस सहितको रकम एकमुष्ठ भुक्तानी गरिनेछ।

### बीमा अवधि समाप्ती भुक्तानी (Maturity Benefit)

यस बीमा योजनामा बीमा प्रारम्भ मितिमा एकमुष्ठ बीमाशुल्क भुक्तानी पश्चात् बीमा अवधिभर बिमित जीवित रहेमा बीमा समाप्तीमा पूर्ण बीमाङ्क  र नियमानुसार आर्जित बोनस सहितको रकम बीमितलाई प्रदान गरिनेछ।

## अतिरिक्त लाभहरु:

### दुर्घटना मृत्यु, स्थायी अशक्त तथा बीमाशुल्क छुट सुविधा (ADB/PTD/PWB)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत स्थायी पूर्ण अशक्तता सुविधा लाभ लिन सकिनेछ। यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको



अवस्थामा दुर्घटनाको कारणले बीमितको मृत्यु भएमा दुर्घटना मृत्यु लाभ बापतको बीमाङ्क रकम (अधिकतम रु ५० लाख) सम्म प्रदान गरिनेछ। साथै बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणबाट बीमित पूर्ण रुपमा स्थायी अशक्त भएको प्रमाणित भएमा उक्त मिति पछिको बीमाशुल्क तिर्नु नपर्ने गरी बीमाशुल्क छुट प्रदान गरिनेछ। स्थायी अशक्तता तथा बीमाशुल्क सुविधा बापतको बीमाङ्क रकमलाई १२० किस्तामा भाग गरी मासिक रुपमा कम्पनीले प्रदान गर्नेछ।

### घातक रोग सुबिधा (CI)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत १८ प्रकारका घातक रोग सम्बन्धी उपचार खर्च सुविधा लिन सकिनेछ। बीमालेख चालु अवस्थामा रही घातक रोग बापत अतिरिक्त शुल्क भुक्तानी गरेको अवस्थामा बीमितलाई सुचिकृत १८ प्रकारका घातक रोगहरु लागेका निरुपण (Diagnosis) भएमा अधिकतम रु. ५० लाखमा नबढ्ने गरी घातक रोग बापतको बीमाङ्क रकम उपचार खर्च बापत प्रदान गरिनेछ । घातक रोगमा उपचार खर्चको लागि कुनै मेडिकल बिल समावेश गर्नु पर्ने हुँदैन।

### किरिया खर्च सुविधा (FE Rider)

कम्पनीले निर्धारण गरेको अतिरिक्त बीमाशुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत Funeral Expense पुरक करार सुविधा लिन सकिनेछ। बीमालेख चालु रहेको अवस्थामा बीमितको मृत्यु भएमा सामान्यतया बीमाङ्क रकमको २५ प्रतिशत रकम वा ५०,००० मध्ये जुन कम हुन्छ, सो रकम किरिया खर्च बापत बीमितको हकवालालाई भुक्तानी गरिनेछ ।

## बीमाङ्कमा छुट

| | |
|---|---|
| रु. १,००,००० देखि १९९,९९९ सम्म | रु. १ प्रति हजार |
| रु. २,००,००० र सोभन्दा माथि | रु. २ प्रति हजार |

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुको मार्गदर्शन को लागि मात्र हो। माथि उल्लेखित शर्त तथा सुविधाहरुमा फरक परेमा बीमालेख बमोजिम हुनेछ। साथै उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा बीमा प्राधिकरण (नियमनकारी निकाय) द्वारा जारी ,निर्देशित तथा संशोधित व्यवस्था तथा बीमा ऐन बमोजिम हुने हुनाले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।